# एफ. एम. रेडियो (सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि, २०७४

बाँफिकोट गाउँकार्यपालिकाबाट स्वीकृति मिति :२०७५/३/१८

गाँउसभा पारित मिति : २०७५/०३/२९

प्रमाणिकरण मिति : २०७५/०३/३०

स्थानीय राजपत्रमा प्रकाशित मिति :२०७५/०३/३०

## बाँफिकोट गाउँपालिका

## २०७४

बाँफिकोट गाँउपालिका

बाँफिकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड :१ संख्या : ३ मिति : २०७५/०३/३०

**भाग–२**

**बाँफिकोट गाउँपालिका**

**<u>बाँफिकोट गाउँकार्यपालिकाको सुचना</u>**

बाँफिकोट गाउँकार्यपालिकाले **एफ. एम. रेडियो (सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि, २०७४** पारित गरेकोले सर्वसाधारणको जाकारीकोलागि यो सूचना प्रकाशन गरिएको छ ।

## एफ. एम. रेडियो (सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि, २०७४

**प्रस्तावना :**

एफ. एम रेडियो सञ्चालनको लागि अनुमति, नविकरण र नियमन गर्ने सम्वन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनिय भएकोले,

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) र ११(ग) को क्षेत्र भित्र रहि बाँफिकोट गाँउपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम एफ. एम. रेडियो (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७४ रहेको छ ।

बाँफिकोट गाँउपालिका

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क)“अध्यक्ष” भन्नाले बाँफिकोट गाउँ सभाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ख) “उपाध्यक्ष” भन्नाले बाँफिकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बाँफिकोट गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(घ) “कार्यपालिका” भन्नाले बाँफिकोट गाउँ कार्यपालिका सम्भलनु पर्छ । यस शब्दले जिल्ला समन्वय समितिलाई समेत जनाउनेछ ।

(ङ) “गाउँपालिका” भन्नाले बाँफिकोट गाउपालिकालाई सम्झनुपर्छ ।

(च) “मन्त्रालय” भन्नाले सुचना तथा सञ्चार मन्त्रालय वा सो कामको लागि तोकिएको कामको संघको मन्त्रालयलाई सम्झनुपर्छ ।

(छ) “विषयगत शाखा” भन्नाले बाँफिकोट गाउँकार्यपालिका अन्तरगतको विषयगत शाखा,, उपशाखा,कार्यालय वा एकाईलाई सम्झनुपर्छ ।

(ज) “वडा सचिव” भन्नाले बाँफिकोट गाँउपालिकाको वडा कार्यालयको प्रशासकिय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव सम्झनुपर्छ ।

(झ) “वडा समिति” भन्नाल बाँफिकोट गाँउकार्यपालिकाको वडा समिति सम्झनुपर्छ ।

(ञ) “सदस्य” भन्नाले बाँफिकोट गाउँपालिकाको सदस्य सम्झनुपर्छ । सो शब्दले बाँफिकोट गाउपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष समेतलाई जनाउनेछ ।

(ट) “स्याटेलाईट रिसिभिं सिष्टम” भन्नाले अधिकांस भाग पृथिविको बायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढि भु–उपग्रहहरु वा अन्तरिक्ष स्टेसनबाट प्राप्त गर्ने टिस एन्टेना लगाएतका सञ्चार प्रणालि सम्झनु पर्छ ।

(ठ) “रेडियो यन्त्र” भन्नाले लगातार तारको कनेक्सन विना रेडियो तरङ्ग द्वारा शब्द, चित्र वा संकेत प्राप्त गर्ने वा पठाउने कामको नियमित प्रयोग गरिने देहायको यन्त्रहरु सम्झनु पर्छ ,

– डिस एन्टेना लगाएत सबै प्रकारको स्याटलाईट रिसिभिं सिस्टमहरु,

– रेडियो टान्समिटर,

(ड) “सभा” भन्नाले बाफिकोट गाउपालिकाको गाउ सभा सम्झनुपर्दछ ।

**३. प्रशारण सम्वन्धि कार्यक्रमको रेखदेख र सञ्चालन :** (१) बाँफिकोट गाउँपालिका भित्र १०० वाट सम्मको एफ. एम.रेडियोको प्रशारण सम्वन्धि कार्यक्रमको रेखदेख र सञ्चालनको निति निर्माण गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

(२) यो कार्यविधि लागु हुनुपुर्व प्रचलित कानुन बमोजिम इजाजत पत्र लिई सञ्चालन भई रहेका एफ. एम. रेडियोहरुको प्रशारण सम्वन्धि कार्यक्रमको रेखदेख र सञ्चालन कार्य समेत गाँउपालिकाको हुनेछ ।

**४. इजाजत पत्र नलिई प्रशारण गर्न नहुने :** (१) कसैले यस कार्यविधि बमोजिम इजाजत पत्र नलिई यस गाँउपालिका क्षेत्र भित्र एफएम सञ्चालन गर्न पाईने छैन ।

(२) कसैले उपदफा (१) विपरित गरेमा दफा २१ बमोजिम जरिवाना गरिनेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखियको भएता पनि यो कार्यविधि आउनु भन्दा अगावै प्रचलित नेपाल कानुन बमोजिम दर्ता भई सञ्चालन भैरहेका १०० वाट सम्म क्षमता भएका एफ.एम. रेडियोहरुको हकमा नयाँ ईजाजत पत्र लिईरहनु पर्ने छैन ।

**५. इजाजतपत्रको लागि निवेदन दिनु पर्ने :** (१) एफ. एम. रेडियो सञ्चालन इजाजत पत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसुचि (१) बमोजिमको ढाँचामा सम्वन्धित स्थानिय तहमा समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने ईजाजत पत्र अनुसुचि २ ढाँचामा स्थानिय तहले उपलव्ध गराउनु पर्नेछ ।

**६. निवेदन साथ संलग्न गर्नुपर्ने :** दफा ५ बमोजिम दिईने निवेदन साथ देहायको कागजात संलग्न गर्नुपर्नेछ :

(क) सम्वन्धित विषयमा अनुभवि तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धनात्मक संस्थाबाट आफुले ईजाजत पत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यवसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन ।

(ख) प्रशारण तथा दर्ताको प्रमाण पत्र सम्वन्धित विधान तथा सञ्चालकहरुको नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपि,

(ग) निवेदन दस्तुर दर्ता शुल्क रु. १०००० लिने, बार्षिक आम्दानिको २ % राजस्व बुझाउने बुझाएको नगदि रसिद वा तोकिएको राजस्व खातामा जम्मा गरेको दोस्रो प्रति भैचरको साथै प्रशारण केन्द्र रहने ठाँउको विवरण ।

(घ) एफ. एम रेडियो दर्ता र नविकरणको लागि आवस्यक कागजातहरु अनुसुचि १ र नविकरणको लागि अनुसुचि २ बमोजिम कागजातहरु अनिवार्य समावेश गर्नुपर्नेछ ।

**७. इजाजत पत्र दिन सक्ने :** (१) बाँफिकोट गाँउपालिकाले दफा ५ बमोजिम प्राप्त निवेदन र संलग्न कागजात साथै राखि फ्रिक्वेन्सी उपलब्ध हुने नहुने सम्बन्धमा नेपाल सरकारको विषयगत मनत्रालयमा लेखि पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखि पठाएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट फ्रिक्वेन्सि उपलब्ध गराउन सकिने व्यहोरा लेखि आएमा बाँफिकोट गाँउपालिकाले निवेदकलाई इजाजत पत्र उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिम इजाजत पत्र दिनुपुर्व बाँफिकोट गाँउपालिकाले रेडियो उपकरणहरु (एफ. एम. ट्रान्समिटर, एस. टि. एल. लिंक र बि. बि. सि. रिसिभर) को ईजाजत र नियमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) रेडियो उपकरणहरु (एफ.एम. ट्रान्समिटर, एस. टि. एल. लिंक र बि. बि. सि. रिसिभर) को इजाजत लिनको लागि अनुसुचि ६,७ र ८ बमोजिम कागजातहरु अनिवार्य समावेश गर्नुपर्नेछ ।

बाँफिकोट गाँउपालिका

**८.इजाजत पत्रको अवधि र नवीकरण दस्तुर :** (१) एफ. एम. रेडियोको इजाजतपत्र प्रत्येक आर्थिक वर्षमा नविकरण गर्नुपर्नेछ ।

(२) इजाजतपत्र नविकरण गराउन चाहने संस्था वा व्यक्तिले ईजाजत पत्र बहाल रहने अवधि भुक्तान नहुँदै सभाले सभाले तोके अनुसारको बुझाउनु पर्ने अघिल्लो आर्थिक वर्षको शुल्क बुझाएको प्रमाण संलगन गरि इजाजत पत्र नविकरणका लागि अनुसुचि ३ बमोजिमको ढाँचामा सुचना शाखामा निवेदन दिनु पर्नेछ ।

(३) दफा (२) बमोजिम ईजाजत पत्र नविकरणको लागि कुनै निवेदन पर्न आएमा ईजाजत पत्र लिनेले इजाजत पत्र दिंदा लाग्ने दस्तुरको सभाले तोके बमोजिम शुल्क लिई त्यस्तो ईजाजत पत्रा नविकरण गरि दिन सक्नेछ ।

(४) दफा (२) बमोजिमको म्याद भुक्तानि भए पछि पहिलो तिन महिना भित्र ५ प्रतिशत, ६ महिना भित्र बुझाए १० प्रतिशत ९ महिना भित्र बुझाएमा १५ प्रतिशत एक वर्ष भित्र बुझाएमा २० प्रतिशत जरिवाना र विलम्व दस्तुर समेत लिई ईजाजत पत्र नविकरण गरि दिन सक्नेछ । म्याद भुक्तान भएको एक वर्ष भित्र पनि ईजाजतपत्र नविकरण नगराएमा त्यस्तो ईजाजतपत्र स्वत रद्दहुनेछ ।

(४) एफ. एम. रेडियो दर्ता शुल्क रु १००००, तथा  नविकरण शुल्क बाँफिकोट गाउँपालिकाको गाउँ सभा बाट पारित रु १५०० हुनेछ ।

**९. दस्तुर निर्धुपर्ने :** (१) एफ. एम. रेडियो सञ्चालन गर्ने संस्था वा व्यक्तिले बाँफिकोट गाउँपालिका गाँउसभाले तोके बमोजिम शुल्क तिर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क बुझाँउदा सम्वन्धित संस्था वा व्यत्तिले सो आर्थिक वर्षको लेखा परिक्षण सम्पन्न गराई सो को प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम शुल्क बुझाउने वा उपनियम (२) बमोजिम लेखापरिक्षणको प्रतिवेदन पेश नगर्ने संस्था वा व्यक्तिका सम्वन्धमा बाँफिकोट गाउँपालिकाले देहाय बमोजिम गर्न सक्नेछ ।

(क) विज्ञापनमा रोक लगाउन,

(ख) सञ्चार सामग्रि एवं सो संग सम्वन्धित कच्चा पदार्थको पैठारिमा रोक लगाउन,

(ग) त्यस्तो संस्था वा व्यक्तिको प्रेस प्रतिनिधि रद्द गर्न ।

**१०. प्रसारणमा रोक लगाउन सकिने :** बाँफिकोट गाँउपालिकाले कुनै एफ. एम. रेडियो प्रसारण स्थलको निरिक्षण गर्दा वा त्यस्तो एफएम रेडियोको कुनै प्रशारण सम्बन्धमा परेको उजुरिको छानविन गर्दा देहाय बमोजिम भएको देखिएमा बढिमा ३ महिनाको लागि त्यस्तो एफएम रेडियोको कुनै कार्यक्रम वा सम्पुर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछ ।

(क) निरिक्षण तथा छानविन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण गरेको र त्यसरि मौका दिंदा पनि शर्त ।

(ख) समितिले कसैले कार्यविधि बमोजिम इजाजत नलिई अनधिकृत रुपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ. एम. रेडियो तत्काल बन्द गर्ने शब्द हटाउन सुझाव प्राप्त निर्देशन गर्न सक्नेछ । तर बन्द गर्नु अगाडि सफाईको मौका दिनु पर्नेछ ।

बाँफिकोट गाउँपालिका

**११. ईजाजत रद्द गर्न सकिने :** तोकिएको शर्त र समयावधिभित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको ईजाजत स्वत : रद्द हुनेछ ।

**१२. एफ. एम. रेडियो समन्वय तथा अनुगमन समिति :** (१) प्रत्येक स्थानिय तहमा निम्नानुसारका एक एफ.एम. रेडियो समन्वय तथा अनुगमन समिति रहनेछ ।

(क) बाँफिकोट गाउँपालीकाको अध्यक्ष – संयोजक

(ख) बाँफिकोट गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) कार्यपालिकाको सदस्यहरु मध्यबाट १ जना महिता सहित २ जना –सदस्य

(घ) सम्वन्धित विषयगत शाखाको शाखा प्रमुख – सदस्य सचिव

**१३. एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** एफ. एम. रेडियो समन्वय तथा अनुगमन समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ ।

(क) स्थानिय तहमा दर्ता हुने आएका १०० बाट क्षमतासम्मको एफ.एम. रेडियोको दर्ता सम्वन्धमा आवश्यक निर्णय गर्ने ।

(ख) स्थानिय तहमा सञ्चालित एफ. एम. रेडियोहरुले तोकिएको सर्त अनुरुप कार्य गरे गरे नगरेको अनुगमन गर्ने व्यवस्था मिलाउने ।

(ग) स्थानिय तहमा एफ. एम. रेडियो सञ्चालनको लागि आवस्यक समन्वय तथा सोको अनुगमन गर्ने ।

(घ) आवस्यक देखेको अन्य कार्यहरु गर्ने ।

**१४. एफ.एम.रेडियो समन्वय तथा अनुगमन समितिको बैठक र कार्य प्रक्रिया :** (१) एफएम रेडियो समन्वय तथा अनुगमन समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा गर्नेछ ।

(२) समितिको बैठक भत्ता सभाबाट तोकिए बमोजिम हुनेछ ।

**१५. एफ.एम रेडियोले पालना गर्नुपर्ने शर्तहरु :** यस कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका एफ.एम. रेडियोहरुले कार्यक्रम प्रसारण गर्दा देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि कार्यक्रम प्रशारण गर्नुपर्नेछ ।

(क) एफएम रेडियोले प्रशारण गर्ने समाचार कुनै दल बिशेसको नभई स्वतन्त्र तठस्थ रुपमा सत्य समाचारको रुपमा कार्यक्रम प्रशारण गर्नुपर्नेछ ।

(ख) लोककल्यानकारि समाचारहरुको प्रशारणमा ध्यानदिनु पर्नेछ ।

(ग) समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौम सत्ता, अखण्डता तथा वातावरणमा कुनै पनि किसीमले असर नपर्ने हिसावमा प्रशारण गर्नु पर्नेछ ।

(घ) सेवा लिन ईच्छुक सेवाग्राहिलाई विना पुर्वाग्रह सेवा उपलव्ध गराउनु पर्नेछ । साथै सेवा सुविधा तोक्दा प्रचलित बजार दर भन्दा बढि लिन पाईने छैन ।

(ङ) कार्यालय समय अघि पछि र विदाको दिनमा पनि सेवाग्राहिको आवस्यक्ता बमोजिम सेवा प्रवाह गर्ने व्यवस्था सुनिस्चतता गर्नु पर्नेछ ।

(च) कार्यक्रम प्रशारण वा वितरण गर्दा सम्वन्धित प्रशारण संस्था वा व्यक्तिको सहमति लिनु पर्नेछ ।

बाँफिकोट गाउँपालिका

(छ) यो कार्यविधि लागु हुनुपुर्व सुचना तथा सञ्चार मन्त्रालयबाट राष्ट्रिय प्रशारण लाईन ऐन, २०४९ र राष्ट्रिय प्रशारण नियमावलि, २०५२ बमोजिम जारि गरेका १०० वटा सम्मका एफएम को ईजाजतपत्रहरु यसै कार्यविधि बमोजिम जारि भएको मानिनेछ ।

(ज) आपत्कालिन वा बिपद्को समयमा कार्यपालिका बाट निर्देशन भएमा सरकारी सुचनाहरु निःशुल्क प्रसारण गर्नु पर्नेछ ।

(झ) युद्ध वा संकटकालिन समय आईपरेमा कार्यपालिकाले कुनै खास कार्यक्रमहरु मात्र प्रशारण गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरु मात्र प्रशारण गर्नुपर्ने ।

(ञ) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ, बिच र अन्त्यमा आफ्नो परिचय (कल साईन) दिनु पर्ने ।

(ट) प्रचलित ऐन कानुनको पुर्णरुपमा परिपालना गर्नुपर्नेछ ।

**१६. प्रशारण गर्न नहुने :** एफएम रेडियो हरुले देहाय बमोजिमको कुनै कार्यक्रम प्रशारण गर्ने छैन :

(क) नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने ।

(ख) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जने ।

(ग) नेपालको सार्वभौमसत्ता र अखन्डतामा आँच पुऱ्याउने ।

(घ) विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसहरु बिच र वैमनश्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने ।

(ङ) अदालतको अवहेलना हुने ।

(च) सामाजिक विकृति फैलाउने किसिमका अश्लिल सामग्रिहरु ।

(छ) कुनै व्यक्तिको नाम किटान गरि कसैको मान, मऱ्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रिहरु ।

(ज) संविधान तथा प्रचलित कानुन सिमाभित्र रहि बाँफिकोट गाउँ सभाले प्रशारण गर्न नहुने भनि तोकिएका अन्य सामग्रिहरु ।

**१७. कार्यक्रम प्रशारण प्रारम्भ गर्नु पर्ने :** (१) ईजाजत पत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले ईजाजत पत्र वा अनुमति पत्र पाएको मितिले १ वर्ष भित्र आफ्नो प्रशारण प्रारम्भ गर्नुपर्नेछ ।

(२) इजाजत पत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले उपनियम (१) बमोजिमको अवधि भित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सो को आधार र कारण समेत खुलाई अवधि थपको आगि त्यस्तो अवधि भुक्तान हुनु अगावै बाँफिकोट गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवस्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिव देखेमा बाँफिकोट गाउँपालिका समक्ष ६ महिना सम्मको अवधि थप गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमको अवधिभित्र पनि प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको ईजाजत स्वत रद्द हुनेछ ।

**१८. विवरण संशोधन गर्न सक्ने : (१)** कसैले ईजाजतपत्रमा उल्लेखित कुनै विवरण बदल्न चाहेमा बाँफिकोट गाँउपालिका को सभाले तोके बमोजिम दस्तुर सहित अनुसुचि–५ बमोजिमको ढाँचामा कार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

बाँफिकोट गाउँपालिका

(२) उपदफा १ बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मुनासिव देखिएमा कार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।

**१९. ईजाजत पत्रको प्रतिलिपि :** (१) यस कानुन बमोजिम प्राप्त ईजाजत पत्र हराएमा, नासियमा वा कुनै कारणवश, च्यातिएमा इजाजत पत्र प्राप्त व्यक्ति वा संस्थाले सो को प्रतिलिपि माग गर्न सक्नेछ ।

(२) कसैले उपदफा (१) बमोजिम प्रतिलिपि माग गरेमा बाँफिकोट गाँउपालिकाले रु. २५०० अक्षरुपि दुई हजार पाँच सय रुपैंया दस्तुर लिई नक्कल दिनुपर्नेछ ।

**२० विवरण बदल्न सक्ने :** (१) कसैले इजाजत पत्रमा उल्लेखित कुनै विवरण वदल्न चाहेमा सभाले तोकेबमोजिम दस्तुर सहित अनुसुचि–३ बमोजिमको ढाँचामा कार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण वदल्न दिएको निवेदनको व्यहोरा मुनासिव देखिएमा कार्यपालिकाले निवेदन बमोजिमको विवरण वदल्न सक्नेछ ।

**२१. नियमन गर्न सक्ने :** (१) इजाजत पत्रमा उल्लेखित शर्तहरु बमोजिम कार्यक्रम प्रशारण गरे वा नगरेको सम्वन्धमा एफ. एम. रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारिले प्रसारण सम्वन्धि संस्थाको निरिक्षण तथा छानविन गर्न गराउन सक्नेछ । साथै निरिक्षण तथा छानविन गर्दा शर्त बमोजिम कार्यक्रम प्रशारण नगरेको पाईएमा इजाजत पत्रमा उल्लेखित शर्तहरु बमोजिम कार्यक्रम प्रसारण गर्न एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारिले एक पटकको लागि बढिमा एक महिना समय उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरिक्षण तथा छानविन गर्दा शर्त बमोजिम कार्यक्रम प्रशारण नगरेको र मौका दिंदा पनि शर्त बमोजिम काम नगरेको भन्ने पुन: गरिएको निरिक्षण तथा छानविन बाट देखिएमा वा समितिले कसैले कार्यविधि बमोजिम ईजाजत पत्र नलिई अनधिकृत रुपमा कुनै कार्यक्रम प्रशारण गरेको देखिएमा त्यस्तो एफ.एम. रेडियो तत्काल बन्द गर्न सक्नेछ । तर बन्द गर्नू अगाडि सफाईको मौका दिनुपर्नेछ ।

**२२.दण्ड जरिवाना :** (१) यस कानुन विपरित गर्नेलाई कार्यपालिकाले एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिसमा प्रकृति हेरि बिस हजार देखि पचास हजार रुपैंया सम्म जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्नुपुर्व त्यस्तो एफ.एम. रेडियो सञ्चालकलाई आफ्नो भनाई राख्ने मौका दिनुपर्नेछ ।

**२३. पुनरावेदन :** कार्यपालिकाले दफा २१ बमोजिम गरेको जरिवाना उपर चित्त नबुभ्ने पक्षले सो निर्णय भएको ३५ दिन भित्र न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ ।

**२४. अनुसुचिमा थपघट तथा हेरफेर गर्न सक्ने :** कार्यविधिको अनुसुचिमा हेरफेर तथा थपघट गर्न गर्नुपर्ने भएमा बाँफिकोट गाउँपलिका एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिशमा सभाले गर्नेछ ।

**२५. कार्यविधिको व्याख्या तथा संशोधन :** कार्यविधिको संशोधन गर्नुपर्ने भएमा बाँफिकोट गाउँपलिका एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिसमा कार्यपालिकाले सभामा पेश गरि संशोधन गर्नुपर्नेछ ।

बाँफिकोट गाँउपालिका

**अनुसुचि–१**

**एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को**

**दफा ५. १ सँग सम्वन्धित**

**स्थानिय तहमा एफ.एम. रेडियो इजाजतपत्रको स्वीकृतका लागि दिईने निवेदन**

श्री ......................

एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को दफा ३ (५) बमोजिम एफ.एम. रेडियो सञ्चालन गर्ने इजाजत पत्र पाउनको लागि देहायका विवरणहरु खुलाई यो निवेदन गरेको छु/छौं ।

**१. निवेदकको,**

| | |
|---|---|
| (क) स्थायी ठेगाना :– | (ख) अस्थायि ठेगाना :– |
| जिल्ला :– | जिल्ला :– |
| बाँफिकोट गाँउपालिका कार्यालय | |
| वडा नं. :– | वडा नं. :– |
| गाउँ/टोल :– | गाउँ/टोल :– |
| फोन नं. :– | फोन नं. :– |
| घर नं. :– | घर नं. :– |
| फ्याक्स नं. :– | फ्याक्स नं. :– |
| नागरिक्ता लिएको जिल्ला :– | ईमेल ठेगाना :– |

नागरिक्ता नं. र नागरिक्ता लिएको मिति :–

**२. संस्था वा व्यक्तिको**

(क) नाम :–

(ख) आर्थिक स्थिति (स्थीर तथा चालु पुँजि )

(ग) अनुभव :–

बाँफिकोट गाँउपालिका

(घ) प्राविधिक दक्षता :–

**३. प्रसारण गरिने स्थान :–**

**४. प्रशारण हुने क्षमता :–**

**५. प्रसारण शुरु हुने मिति :–**

**६. प्रसारणको माध्यम :–**

**७. प्रसारणको क्षमता :–**

**८. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सि र च्यानेल :–**

**९. प्रसारण गर्दा प्रयोग गरिने उपकरण हरु :–**

**१०. प्रसारण सम्वन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसंग गरिएको सम्झौता :–**

**११. प्रसारणमा प्रयोग हुने भाषा :–**

**१२. प्रसारणको समयावधि :–**

**१३. प्रसारण गरिने कार्यहरु :–**

माथि लेखिएको व्यहोरा ठिक साँचो हो, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदकको :–

सहि :–

नाम :–

मिति:–

बाँफिकोट गाउँपालिका

**अनुसुचि–२**

**एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ को**

**दफा ५.२ सँग सम्वन्धित**

**स्थानिय तहमा एफ.एम. रेडियो इजाजतपत्र**

**ईजाजतपत्र नं. :–**

१. इजाजतपत्र पठाउने व्यक्ति वा संस्थाको नाम :–

२. ठेगाना :–

| | |
|---|---|
| (क) स्थायी ठेगाना :– | (ख) अस्थायि ठेगाना :– |
| जिल्ला : – | जिल्ला :– |
| नगरपालिका/गाँउपालिका | नगरपालिका/गाँउपालिका |
| वडा नं. :– | वडा नं. :– |
| गाउँ/टोल :– | गाउँ/टोल :– |
| फोन नं. :– | फोन नं. :– |

**३. प्रसारण संस्था वा व्यक्तिको नाम :–**

**४. प्रसारणको  माध्यम :–**

**५. प्रशारणको क्षमता :–**

**६. प्रसारण गर्दा प्रयोग गरिने :–**

(क) फ्रिक्वेन्सी :– (ख) बैण्ड :–

(ग) च्यानेल :– (घ) ट्रान्समिटर :–

(ङ) एण्टेना :–

बाँफिकोट गाँउपालिका

**७. प्रसारण प्रणालि स्थापना हुने ठाँउ र प्रसारण केन्द्र :–**

**८. प्रसारणहुने  क्षेत्र र जनसंख्या :–**

**९. प्रसारण शुरु हुने मिति :–**

**१०. प्रसारणमा प्रयोग हुने भाषा :–**

**११. प्रसारणको समय र समयावधि :–**

**१२. प्रसारण गरिने कार्यक्रमहरु :–**

**१३. इजाजतपत्र बहाल रहने मिति :–**

**१४. अन्य शर्तहरु :–**

(क)

(ख)

(ग)

कार्यालयको छाप

मिति :–

इजाजतपत्र दिने अधिकारिको :–

सहि :–

नाम :–

दर्जा :–

कार्यालय :–

**अनुसुचि – ३**

**एफ.एम. रेडियो (व्यस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४को**

**दफा ८ सँग सम्वन्धित**

बाँफिकोट गाँउपालिका

**बाँफिकोट गाँउपालिकाकामा एफ.एम. रेडियो इजाजतपत्रको नविकरणको लागि दिईने निवेदन**

**श्री. ...........................**

मैले/हामिले मिति ..................... मा प्राप्त गरेको इजाजतपत्र नं. ...... आ.व. .... ............. को लागि नविकरण गरिदिन नविकरण दस्तुर समेत बुझाई ( भौचर नं. ................) श्रीमान समक्ष (आवस्यक कागजात संदग्न गरि) अनुरोध गर्दछु/गर्दछौं ।

निवेदक

.....................

संलग्न

१. निवेदन

२. सक्कल ईजाजतपत्र

३. भौचर/रसिद

बाँफिकोट गाँउपालिका

**अनुसुचि – ४**

**एफ.एम. रेडियो (व्यस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४को**

**दफा ८ सँग सम्वन्धित**

**बाँफिकोट गाँउपालिकाकामा एफ.एम. रेडियो इजाजतपत्रको नविकरण**

**इजाजतपत्र नं. :–**

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम :–

२. ठेगाना :–

(क) स्थायि ठेगाना :–

जिल्ला :–

नगरपालिका/गाँउपालिका

वडा नं. :–

गाँउ/टोल :–

फोन नं. :–

(ख) अस्थायि ठेगाना :–

जिल्ला :–

नगरपालिका/गाँउपालिका

वडा नं. :–

गाँउ/टोल :–

फोन नं. :–

३. प्रसारण संस्था वा व्यक्तिको नाम :–

४. प्रसारणको माध्यम :–

५. प्रसारणको क्षमता :–

६. प्रसारण गर्दा प्रयोग गरिने :–

(क) फ्रिक्वेन्सी :–

(ख) बैण्ड :–

(ग) च्यानेल :–

(घ) ट्रान्सफमिटर :–

(ङ) एन्टेना :–

७. प्रसारण प्रणालि स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :–

८. प्रसारण हुने क्षेत्र र जनसंख्या :–

९. प्रसारण शुरु हुने मिति :–

१०. प्रसारणमा प्रयोग हुने भाषा :–

११. प्रसारणको समय र समयावधि :–

१२. प्रसारण गरिने कार्यक्रमहरु :–

बाँफिकोट गाँउपालिका

१३. इजाजतपत्र बहाल रहने मिति :–

१४. अन्य शर्तहरु :–

(क)

(ख)

(ग)

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारिको :–

सहि :–

नाम :–

दर्जा :–

कार्यालय :–

नविकरणको विवरण

| आर्थिक बर्ष | नविकरण दस्तुर तथा अन्य विवरण | नविकरण मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
| --- | --- | --- | --- |
| | | | |

## अनुसुचि–५

## एफ.एम. रेडियो (व्यस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४को

बाँफिकोट गाँउपालिका

**दफा ७ सँग सम्वन्धित**

**स्याटेलाईट रिसिभिङ्ग सिस्टम/स्याटेलाईट कम्युनिकेशन सिस्टम (अर्थ स्टेशन) को**

**लाईसेन्सको लागि दिईने दरखास्त**

श्री .............

स्याटेलाईट रिसिभिङ्ग सिष्टम राख्न तथा प्रयोग गर्नको लागि देहाएका विवरणहरु खुलाई प्रोफर्मा इन्भ्वाईस र टेक्निकल स्पेशिफिकेशनको प्रतिलिपि समेत संलग्न गरि स्याटेलाइट रिसिभिङ्ग सिष्टमको लाईसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नु पर्ने उद्देश्य र कारण :–

२. प्रयोग गर्न चाहेको सिष्टमको विवरण :–

(क) निर्माताको नाम :–

(ख) मोडेल नं. :–

(ग) सिरियल नं. :–

(घ) साइज र अन्य विवरण :–

(ङ) एण्टेना सम्बन्धि विवरण :–

३. प्रयोग गरिने ठाउँ :–

४. आर.एफ. फ्रिक्वेन्सी रेन्ज । प्रयोग गर्ने फ्रिक्वेन्सी :–

५. कुन स्याटेलाईटको माध्यमबाट के कस्तो सञ्चार आदान प्रदान गर्ने हो :–

६. प्रयोग भईरहेको भए कुन मितिदेखि प्रयोग भईरहेको हो :–

७. प्रयोग :–

(क) व्यक्तिगत :–

बाँफिकोट गाँउपालिका

(ख) सामुहिक :–

८. सामुहिक रुपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरुको नाम र अन्य विवरण (नाम यसैसाथ संलग्न गरेको हुनुपर्नेछ ) ।

९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनिको स्वीकृति भए नभएको :–

(घरधनिको स्वीकृति पत्र यसैसाथ संलग्न राख्नुपर्ने )

१०. आयात गरीने देशको नाम :–

११. आयातहुने भन्सार कार्यालयको नाम :–

दरखास्तवालाको

सहि :–

नाम :–

ठेगाना :–

मिति :–

बाँफिकोट गाँउपालिका

**अनुसुचि–६**

**एफ.एम. रेडियो (व्यस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४को**

## दफा ७ सँग सम्वन्धित

## एफ.एम. ट्रान्समिटर र STL Link को लाईसेन्सको लागि दरखास्त

श्री. ..........................,

देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरु खुलाई प्रोफर्मा इन्भ्वाईस र टेक्निकल स्पेशिफिकेशनको प्रतिलिपि समेत संलग्न गरी रेडियो यन्त्रको लाईसेन्स पाउनको लागि अनुरोध गर्दछु ।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवं कारण :–

२. प्रयोग गर्ने स्थान :–

३. प्रयोग गरिने फ्रिक्वेन्सि :–

४. प्रयोग गर्ने अनुमानित मिति :–

५. रेडियो यन्त्रको विवरण :–

(क) निर्माता :–

(ख) मोडेल नं. :–

(ग) सिरियल नं. आदि :–

६. स्टेशनको प्रकार :–

७. प्रयोग गरिने प्रणालिको प्रकार :–

८. प्रयोग गरिने समय :–

९. अन्य विवरण :–

(क)

(ख)

बाँफिकोट गाँउपालिका

(ग) दरखास्तवालाको

सहि :–

नाम :–

ठेगाना :–

मिति :–

बाँफिकोट गाँउपालिका

**अनुसुचि–७**

**एफ.एम. रेडियो (व्यस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४को**

**दफा ७ सँग सम्वन्धित**

**स्याटेलाईट रिसिभिङ्ग सिष्टमको लाईसेन्सको नमुना**

देहायका व्यक्ति, फर्मा, कम्पनि वा संस्थालाई निम लिखित शर्तहरु पालन गर्ने गरि निम्न विवरणको स्याटेलाईट रिसिभिङ्ग सिष्टम (अर्थ स्टेशन) राख्न तथा प्रयोग गर्न पाउने गरि यो लाईसेन्स दिईएको छ ।

१. व्यक्ति,फर्मा,कम्पनि वा संस्थाको नाम :–

२. ठेगाना :–

३. लाईसेन्स नं. :–

४. जडान हुने स्थान :–

५. अर्थ स्टेसन स्याटेलाईट सिष्टमको विवरण :–

(क) निर्माताको नाम :–

(ख) मोडेल नं. :–

(ग) साईज र अन्य विवरण :–

(घ) एण्टेना विवरण :–

६. इनपुट फ्रिक्वेन्सी रेन्ज । प्रयोग गरिने प्रिक्वेन्सी :–

७. कुन स्याटेलाईटको माध्यमबाट कस्तो सञ्चार आदान–प्रदान गर्ने :–

८. प्रयोग :–

(क) व्यक्तिगत :–

(ख) सामुहिक :–

९. सामुहिक रुपमा प्रयोग गरिने भए जोडिने लाईन संख्या र व्यक्तिहरुको नाम :–

१०. लाईसेन्सवालाले पालन गर्नुपर्ने शर्तहरु :–

बाँफिकोट गाँउपालिका

(क) सार्वजनिक सडक,बिजुलि, सार्वजनिक सञ्चारलाई असर पार्न पाउने गरि निजि घर कम्पाउन्ड भित्र मात्र वितरण गर्नु पर्नेछ ।

(ख) आम जनताको लागि प्रसारण भएको प्राप्त प्रसारण सामाग्रि बाहेक अन्य कुनै प्रकारको प्रसारण सामग्रिहरु वितरण वा प्रसारण गर्न पाईने छैन ।

(ग) मुनाफा वा शुल्क आदि लिई फाईदा लिन वा व्यापारिक प्रयोग गर्न पाईने छैन ।

कार्यालयको छाप लाईसेन्स दिने अधिकारिको

सहि :–

नाम :–

दर्जा :– मिति :–

नविकरणको विवरण

| आर्थिक बर्ष | नविकरण दस्तुर तथा अन्य विवरण | नविकरण मिति | नविकरण गर्ने अधिकारिको दस्तखत |
|---|---|---|---|
| | | | |

**अनुसुचि–८**

**एफ.एम. रेडियो (व्यस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४को**

बाँफिकोट गाँउपालिका

**दफा ७ सँग सम्वन्धित**

## एफ.एम. ट्रान्समिटर र STL Link राख्न तथा प्रयोग गर्नको लागि लाईसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनि वा संस्थालाई निम्न लिखित शर्तहरु पालन गर्ने गरि निम्न विवरणको रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाईसेन्स दिईएको छ ।

१. व्यक्ति,फर्म,कम्पनि वा संस्थाको नाम :–

२. ठेगाना :–

३. लाईसेन्स नं. :–

४. प्रयोग गरिने स्थान :–

५. प्रयोगको उद्देस्य :–

६. प्रयोग गर्ने स्थान :–

७. प्रयोग गरिने फ्रिक्वेन्सी :–

८. रेडियो यन्त्रको विवरण :–

(क)

(ख)

(ग)

(घ)

९. प्रयोग गर्ने मिति :–

१०. स्टेशनको प्रकार :–

११. प्रयोग गरिने समय :–

१२. प्रयोग गरिने समय :–

बाँफिकोट गाँउपालिका

१३. लाईसेन्सवालाले पालन गर्नु पर्ने शर्तहरु :–

(क)

(ख)

(ग)

कार्यालयको छाप :– लाईसेन्स दिन अधिकारीको

सहि :–

नाम :–

दर्जा :–

मिति :–

नविकणको विवरण

| आर्थिक बर्ष | नविकरण दस्तुर तथा अन्य विवरण | नविकरण मिति | नविकरण गर्ने अधिकारिको दस्तखत |
|---|---|---|---|
| | | | |

**अनुसुचि–९**

**एफ.एम. रेडियो (व्यस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४को**

बाँफिकोट गाँउपालिका

**दफा २० सँग सम्वन्धित**

**बाँफिकोट गा.पा.मा एफ.एम. रेडियो इजाजतपत्रको विवरण बदल्न दिईने निवेदनको ढाँचा**

श्री. ...................

मैले/हामिले मिति ........................ मा प्राप्त गरेको इजाजतपत्र नं. ...... मा देहाय बमोजिमको विवरण वदल्न चाहेकोले संलग्न अनुसारको कागजातहरु सहित श्री .......................... समक्ष अनुरोध गर्दछु/गर्दछौं ।

निवेदक

......................

बदल्न चाहेको विवरण

(क)

(ख)

(ग)

संलग्न

१. निवेदन

२. सक्कल इजाजतपत्र

३. भौचर/रसिद

आज्ञाले,

नाम : लोक बहादुर कुसारी

प्रमुख प्रशासकीय अधिकृत

बाँफिकोट गाँउपालिका